# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८०।११।२० गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

नापी कार्यालय, कलंकी, काठमाडौंमा कार्यरत सर्भेक्षक लक्ष्मी प्रसाद चौलागाई र राजधानी लेखापढी सेवाका लेखापढी काम गर्ने नेत्र बहादुर पोखरेलले जग्गा हालसाविक एवं कित्ताकाट गरी पूर्जा उपलब्ध गराइदिने प्रयोजनार्थ सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगालबाट खटिई गएको टोलीले सर्भेक्षक लक्ष्मी प्रसाद चौलागाई र लेखापढी काम गर्ने नेत्र बहादुर पोखरेललाई सेवाग्राहीबाट रु.१,००,०००।- (एक लाख रुपैयाँ) घुस/रिसवत लिइसकेको अवस्थामा नियन्त्रणमा लिइएको थियो।

अनुसन्धानको सिलसिलामा नापी कार्यालय, कलंकीका सर्भेक्षक लक्ष्मी प्रसाद चौलागाई र लेखापढी काम गर्ने नेत्र बहादुर पोखरेलसमेतको मिलेमतोमा निज नेत्र बहादुर पोखरेलले जग्गा हालसाविक एवं कित्ताकाटसमेत गरी जग्गाधनी पूर्जा उपलब्ध गराउनको लागि सेवाग्राहीसँग रु.१,००,०००।— (एक लाख रुपैयाँ) घुस/रिसवत माग गरी घुस रकम रु.१,००,०००।— लिएको र उक्त रकममध्ये सर्भेक्षक लक्ष्मी प्रसाद चौलागाईले जग्गा हालसाविकको काम गरेवापत रु.५०,०००।—घुस/रिसवत लिएको देखिएकोले निज लक्ष्मी प्रसाद चौलागाईलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा बिगो रु.५०,०००।— (पचास हजार रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम कैद सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) अनुसार बिगो बमोजिम जरिवाना सजायसमेत हुन मागदाबी लिइएको छ।

साथै प्रतिवादी नेत्र बहादुर पोखरेलले सेवाग्राहीसँग जग्गा हालसाविक एवं कित्ताकाटसमेत गरी जग्गाधनी पूर्जा उपलब्ध गराउनको लागि भनी जम्मा रु.१,००,०००।—घुस/रिसवत माग गरी लिएकोमध्ये रु.५०,०००।— लक्ष्मी प्रसाद चौलागाईबाट र निजको साथबाट रकम रु.५०,०००।—बरामद भएकोले निज नेत्र बहादुर पोखरेललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) बमोजिमको कसुरमा बिगो रु.१,००,०००।— (एक लाख रुपैयाँ) कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद गरी सोही ऐनको दफा ३ को उपदफा (१) अनुसार बिगो बमोजिम जरिवाना समेत हुन मागदाबी लिई आज विशेष अदालत,काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
नरहरि घिमिरे